फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्सः ०१-४२११२८६
०१-४२११२५७
इमेल:control@moha.gov.np
mohacontrolroom@gmail.com

नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

पत्र संख्याः- शा.सु.०७७/०७८/०८
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-१४६८

सिंहदरवार,
काठमाडौं, नेपाल।

मिति २०७७/०७/२८

विषयः मौज्दात ढुङ्गा, गिट्टी र बालुवा बिक्री वितरण सम्बन्धमा ।

श्री प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय, सबै ।

उपर्युक्त विषयमा यस मन्त्रालयको च.च. १४४२ मिति २०७७/०७/२५ गतेको पत्रसाथ माननीय गृहमन्त्री राम बहादुर थापा 'बादल'ज्यूको अध्यक्षतामा सम्पन्न बैठकको निर्णय तहाँ प्राप्त भएकै छ । उक्त निर्णयमा यसभन्दा अघि घाटगद्धी तथा क्रसर उद्योगमा मौज्दात रहेको ढुङ्गा, गिट्टी र बालुवा सम्बन्धमा केही जिल्लाहरुमा द्विविधा उत्पन्न भएको भन्ने जानकारी हुन आएकोले यस सम्बन्धमा देहाय बमोजिम गर्न/गराउन आदेशानुसार अनुरोध छ ।

देहायः

१. विभिन्न खोला/नदी तथा खानीबाट उत्खनन् गरी घाटगद्धीमा संकलन गरिएको ढुङ्गा, गिट्टी र बालुवा र क्रसर उद्योगबाट उत्पादित प्रशोधित ढुङ्गा, गिट्टी र बालुवाको जिल्ला समन्वय समिति, सम्बन्धित स्थानीय तह, जिल्ला प्रहरी कार्यालय र प्राविधिक इन्जिनियर सम्मिलित टोलीबाट परिमाण नाप जाँच गरी एकिन गर्ने । यो पत्र प्राप्त भएको मिति देखि अर्को निर्णय नभएसम्मको लागि कुनै नदी वा खानीबाट ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् तथा संकलन गर्न नपाउने व्यवस्था मिलाउने ।

२. परिमाण एकिन भएपछि नजिकको प्रहरी इकाईले बिक्री वितरण तथा ढुवानीको अभिलेख राख्न लगाउने । प्राविधिक सम्मिलित टोलीबाट एक पटक परिमाण एकिन भएपछि सो परिमाण भन्दा बढी बिक्री वितरण भएको हुन नहुने ।

३. प्रमुख जिल्ला अधिकारीले सम्बन्धित स्थानीय तहसँग समन्वय गरी मौज्दात रहेको ढुङ्गा, गिट्टी र बालुवाको पारदर्शी बिक्री वितरणको सुनिश्चितता गराउने । सो को लागि सम्बन्धित स्थानीय तह र नजिकको प्रहरी इकाईले अनुगमन गर्ने व्यवस्था मिलाउने ।

४. मौज्दात रहेको ढुङ्गा, गिट्टी र बालुवा बढीमा १ (एक) महिनाभित्र अनिवार्य रुपमा बिक्री वितरण गरी उठाई सक्नुपर्ने ।

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्स: ०१-४२११२८६
०१-४२११२५७
इमेल:control@moha.gov.np
mohacontrolroom@gmail.com

नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

पत्र संख्याः- शा.सु.०७७/०७८/०८
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल।

५. मौज्दात रहेको ढुङ्गा, गिट्टी र बालुवाको परिमाण नाप जाँच, अभिलेख, विक्री वितरण तथा अनुगमन कार्यको प्रमुख जिल्ला अधिकारी स्वयंले निगरानी गर्ने ।

६. राष्ट्रिय गौरवका आयोजना, राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना तथा अन्य महत्वपूर्ण विकास आयोजनाहरुको लागि नदीजन्य पदार्थ सहज आपूर्तिका लागि सञ्चालित आयोजना केन्द्रित क्रसर उद्योग तथा नियमानुसार दर्ता अनुमति लिई IEE स्वीकृति भई मापदण्ड अनुरुप सञ्चालित क्रसर उद्योगहरु पूर्ववत रुपमा सञ्चालन गर्न भने कुनै बाधा पर्ने छैन ।

..............................
(अमर दिप सुनुवार)
शाखा अधिकृत